# ४ मुक्ति र युगको अन्त

***यस अध्यायको मूल पदहरू*** यूहन्ना १४:९, सपन्याह ३:१७, यूहन्ना १:१-३, रोमी ८:३८,३९, भजन ९१:१५,१६, प्रकाश १४:६,७ र एफिसी १:४,५।

***यस अध्यायको मूल सार पद:*** "यो नै प्रेम होः हामीले उहाँलाई प्रेम गरेको कारणले होइन तर उहाँले पहिला हामीलाई प्रेम गर्नुभयो। त्यो प्रेम उहाँले हामीहरूको पापको प्रायश्चितको निम्ति उहाँको पुत्र पठाउनुभएर बलि दिनुभएको थियो" (१ यूहन्ना ४:१० रूपान्तरित)।

इसाई धर्म र अन्य धर्महरूबीच ठूलो अन्तर छ। सबै धर्मका स्थापकहरूद्वारा के सिकाइयो भनेर जोड दिइन्छ तर ती संस्थापक वा धर्मलाई शुरू गर्नेहरूले सम्पूर्ण मानव जातिको निम्ति के गरे भनेर भनिएको छैन। अर्थात् मानव कल्याणका निम्ति ती स्थापकहरूले जे गरेतापनि तिनीहरूको कामले कसैलाई मुक्ति दिन सक्दैन। ती धर्मका स्थापकहरूले मानिसहरूलाई केवल यो मात्र सिकाउन सक्छन् कि मुक्ति पाउन वा स्वर्गमा जान तिनीहरूले के गर्नुपर्छ (मानौं मुक्तिको शुरूवात मानिस आफैबाट भएको हो)।

त्यसको ठीक बिपरित येशूभक्तहरूले यो जिकिर गर्दछन् कि येशूले केवल सिकाउनुमात्र भएन वा शिक्षादीक्षामात्र दिनुभएन तर हामीहरूलाई मुक्ति उपलब्ध गराउन उहाँ आफैले के गर्नुभयो (रोमी ८:३)। क्रुसमा उहाँको मृत्यु (रोमी ५:८), उहाँको पुनरुत्थान (१ पत्रुस १:३) र स्वर्गमा रहेको पवित्र मन्दिरमा उहाँले के गरिरहनुभएको छ (हिब्रू ७:२५)-उहाँका ती कामहरूलेमात्र हामीलाई मुक्ति दिन सक्छ। हाम्रो कुनै त्याग, तपस्या, धर्मकर्म, दानदक्षिणा, अथक प्रयासबाट हामीले मुक्ति पाउन सक्दैनौं। "यदि मानिसमा भएका सबै असल काम वा गुणहरू, उसको पवित्र वा सिद्ध जीवन, उच्च आदर्शको स्वभाव र उसमा भएको अत्यैन्तै महान् प्रेमलाई जम्मा गरेर उसको मुक्तिको निम्ति तपाईंले स्वर्गका दूतहरूसामु प्रस्तुत गर्नुभयो भने त्यो षडयन्त्रपूर्ण छ भनेर त्यसलाई अस्वीकार गरिनेछ।"-एलेन जी ह्वाइट, फेथ एण्ड वर्कस्, पृ. २४बाट रूपान्तरित।

यो अचम्मको तर तितो सत्य अन्तिम समयमा अनेकौं छलकपट, खतरापूर्ण धार्मिक दर्शनहरूको बीचमा रहिरहनेको निम्ति झन महत्त्वपूर्ण, समसामयिक र समयसापेक्षित छ भनेर स्वीकर गर्नु जरुरी छ।

## १. पिताको प्रेम

पिताकहाँ आफूद्वारा मात्र आउन सम्भब छ भनेर आफूलाई क्रुसमा टाँगिनुभन्दा केही समय अघि येशूले आफूसँग नजिक रहेका चेलाहरूलाई भन्नुभएको थियो। अनि त्यसबेला फिलिपले उहाँलाई सोधे, "हे प्रभु, हामीलाई पिता देखाउनुहोस्। यो भए हामीलाई पुग्छ।" (यूहन्ना १४:८ रूपान्तरित)।

फिलिपको प्रश्नलाई येशूले कसरी जवाफ दिनुभयो? उक्त जवाफले हामीलाई परमेश्वर पिताको बारेमा के सिकाउँदछ? परमेश्वरको बारेमा अनेकौं गलत धारणा र अडकलबाजी लगाउने प्रवृत्तिलाई येशूको जवाफले कसरी स्पष्ट पार्दछ? हेर्नुहोस् यूहन्ना १४:९ "९ येशूले तिनलाई भन्नुभयो, फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?' "

कतिपय इसाईहरूले पुरानो करारको परमेश्वरको बारेमा गलत धारणा राखेर उहाँ त अत्यन्त कडा, न्यायी र रिसाहा परमेश्वर हुनुहुन्छ भनेर पुरानो करारको पुस्तकलाई पन्छाएर पढ्न नरुचाइएको पाइन्छ। तर नयाँ करारमा देखाइएको परमेश्वर अत्यन्त मायालु, अनुग्रही, नरम कोमल र क्षमाशीलले हुनुहुन्छ भनेर कतिपय इसाईहरूले परमेश्वर पिता र येशूको बीचमा तुलना गर्दछन्। पिता र येशूको बीचमा अलग दृष्टिकोणले हेर्नु मनासिब छैन। उहाँ त्यही परमेश्वर हुनुहुन्छ र त्यही स्वभावको परमेश्वर हुनुहुन्छ, चाहे पुरानो करारमा होस् वा नयाँ करारमा होस्।

येशू आउनुभएको धेरै कारणहरूमध्ये एक प्रमुख कारणचाहीं परमेश्वर पिताको बारेमा सत्य पहिचान प्रकट गर्न आउनुभएको थियो। शताब्दीयौं सम्म परमेश्वर र उहाँको स्वभावको बारेमा गलत चित्रण गरिएको पाइन्छ। यो गलत धारणा केवल अन्य जाति वा मूर्तिपूजकहरूको बीचमा मात्र नभएर इसाईहरूको बीचमा पनि जतातते फैलिएको पाइन्छ। "परमेश्वरको बारेमा गलत बुझाई भएकोले यो पृथ्वी अन्धकारमय भएको छ। येशू यसकारण आउनुभयो कि परमेश्वरको बारेमा अन्धकारमा रहेकाहरूमाझ उहाँको बारेमा सत्य ज्योति चम्किओस् , संसारलाई परमेश्वरतिर फर्किउन् र शैतानको धोखेवाज चाललाई

चूडाउन।"-एलेन जी ह्वाइट, *द डिजाएर अफ एजेज,* पृ. २२बाट रूपान्तरित। येशू यस संसारमा आउनुभएको धेरै कारणहरूमध्ये ती केही हुन्।

परमेश्वर मानिस जस्तो परिवर्तनशील हुनुहुन्न। यदि पुरानो करारमा घटिएका विभिन्न घट्नाहरूको वरिपरि भएका तथ्यहरूलाई अध्ययन गरियो भने उहाँ नयाँ करारको जस्तै दयालु र मायालु परमेश्वर हुनुहुन्छ भनेर हामीलाई थाहा हुन्छ। "परमेश्वर प्रेम हुनुहुन्छ" भनेर १ यूहन्ना ४:८मा भनिएको छ। (यहाँ येशूमात्र प्रेम हुनुहुन्छ भनिएको छैन)। उहाँ बदलिनु हुन्न। "येशू ख्रीष्ट हिजो, आज सधैँभरि समान वा उस्तै हुनुहुन्छ" (हिब्रू १३:८ रूपान्तर)। यो पनि सम्झनु असल छ कि क्रुसमा टाँगिनु भएको परमेश्वर पुरानो करारको परमेश्वर नै हुनुहुन्छ।

परमेश्वर रिसाउनमा ढिलो, विश्वासिलो वा भरपर्दो, करुणामयी, अनुग्रही र प्रेमले भरिपूर्ण हुनुहुन्छ (भजन १४५:८)। परमेश्वरको प्रेमले कहिल्यै पनि फेल खाँदैन (भजन १४३:८) र उहाँका उपासकहरूसँग उहाँ रमाइलो मान्नुहुन्छ (भजन १४७,११)। आफ्ना जनहरू सम्पन्न होऊन् भन्ने परमेश्वर चाहनुहुन्छ र उहाँले तिनीहरूलाई आशा दिनुहुन्छ (यर्मिया २९:११)। प्रेमले भरपूर भएर उहाँले उहाँका जनहरूलाई हप्काउनुहुन्न बरू प्रसन्न भएर गीत गाउनुहुन्छ (सपन्याह ३:१७)। परमेश्वर ती गुणहरू र अरू धेरै गुणहरूले सम्पन्न हुनुभएको सत्य परमेश्वर हुनुहुन्छ।

परमेश्वरलाई प्रतिनिधित्व गर्ने येशू हुनुहुन्छ भन्ने आत्मज्ञानको बारेमा सोच्नुहोस्। परमेश्वरदेखि विशेष डर राखनेको निम्ति ती ज्ञान किन अचम्मका र आशलाग्दा सत्य हुनसक्छन्?

## २. येशू ख्रीष्टको प्रेम

पापले जातिलाई परमेश्वरबाट अलग गरायो। परमेश्वर र मानिसको बीचमा कसैले पुर्न नसक्ने खाडल बन्यो। यदि त्यसलाई नपुरिएको भए मानव जाति सदाको निम्ति नष्ट हुनेथियो। त्यो खाडल धेरै गहिरो र डरलाग्दो थियो। पापको समस्यालाई समाधान गर्न र पापी मानिसलाई धर्मी र पवित्र परमेश्वरसँग मिलाप गराउने विषय अत्यन्त जतिल थियो। तर कृपालु परमेश्वर आफैले मानिससँग मिल्न कदम चाल्नुभयो।परमेश्वर नै मानव अवतार लिनु भयो र त्यही मानवको रूप धारण गरेर हाम्रो पापको निम्ति उहाँ बलि हुनु भयो।

वास्तविक रूपमा येशू को हुनुहुन्छ भनेर देहायका पदहरूले हामीलाई के सिकाउँछ? हेर्नुहोस्: यूहन्ना १:१-५,१४ "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन

परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।...१४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।" र फिलिप्पी २:५-८ "५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।

९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।"

**येशू ख्रीष्ट सनातन वा सदासर्वदा रहनुभएको हुनाले आफ्नो अस्तित्वको निम्ति उहाँलाई कसैमाथि भरपर्नु आवश्यक छैन। उहाँ केवल बाहिरी रूपमामात्र देखापर्नुभएको परमेश्वर होइन तर परमेश्वर आफै हुनुहुन्छ। उहाँको स्वभाव ईश्वरीय र अनन्तको छ। जब उहाँले मानव अवतार लिनुभयो तब त्यो सनातन परमेश्वरको ईश्वरीय स्वभावलाई कायमै राख्नुभयो तर मानव स्वभावलाई ग्रहण गर्नुभयो ताकि मानव शरीरले नै परमेश्वरको व्यवस्थालाई पालन गरोस् र परमेश्वरको आज्ञा तोड्ने सम्पूर्ण मानव प्राणीको सट्टा उहाँ आफै पापको बलि हुनुभयो|(रोमी ३:२२-२५मा भनिएको छ "२२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता**

देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन)।"

परमेश्वर येशू नै मानिस हुनुभयो र अरू मानिसहरूभन्दा उहाँ फरक हुनुभएन। उहाँले परमेश्वरको व्यवस्थालाई पालन गर्नुभएको थियो। तर त्यो पालना उहाँको ईश्वरीय शक्तिले गर्नुभएको थिएन तर सबै मानिसलाई उपलब्ध भएको आफूभन्दा बाहिरको शक्ति परमेश्वरमा भर परेर परमेश्वरको नीतिमा हिँड्नुभएको थियो।

येशू पूर्णरूपमा परमेश्वर हुनुहुन्थ्यो र पूर्णरूपमा मानिस हुनुहुन्थ्यो। त्यसको अर्थ परमेश्वर जसले "आफ्नो वचनको शक्तिद्वारा सबै थोक सम्हाल्नु हुने (हिब्रू १:३)परमेश्वर बालक भएर डुँडमा पस्निन पुग्नुभएको थियो (लूका २:१६)। त्यसको अर्थ त्यही परमेश्वर जो सबै थोकभन्दा अघि र सबै थोक उहाँमा निहित भएको (कलस्सी १:१७) परमेश्वर मानव बालक हुनुभयो र ज्ञानबुद्धि र शारीरिक कदमा बढ्नुभयो (लूका २:५२)। त्यसको अर्थ त्यही परमेश्वर जसबिना केही पनि हुन आएन (यूहन्ना १:३) त्यही परमेश्वरलाई मानिसहरूले रुखमा झुन्डयाए हत्या गरे| (प्रेरित ५:३० रूपान्तरित)।

यदि ती सबै तत्वले हामीलाई ख्रीष्टको प्रेम प्रकट गर्छ भने ख्रीष्टको प्रेम केवल हामीमाथि परमेश्वर पिताको प्रेम खन्याइएको हो भन्ने ठान्नुपर्छ। त्यसैकारण येशूका भक्त भएको हैसियतले हामी सधैं खुशी, आनन्द र आभारी भएर बाच्नुको बिकल्प के छ र?

पावलले एक अत्यन्त प्रभावकारी प्रतिवद्धता व्यक्त गरेका छन्। त्यो हाम्रो निम्ति पनि किन शक्तिशाली वचन हुनुपर्दछ? हेर्नुहोस्, रोमी ८:३५-३९ "३५ कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नेरू के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारलेरू ३६ यस्तो लेखिएको छ, तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं।" ३७ होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं। ३८ किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, ३९ उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।"

## ३. पवित्र आत्माको प्रेम

त्रिएक परमेश्वरमा पवित्र आत्माको बारेमा पनि धेरै इसाईहरूले बुझ्न सकेका छैनन्। जसरी तिनीहरू परमेश्वर पिताको बारेमा राम्रोसँग बुझ्दैनन् त्यसरी नै पवित्र आत्माको बारेमा गलतरूपमा बुझ्दछन्। कतिपय इसाई विद्वानहरू पवित्र आत्मा भनेकै परमेश्वर पिता र पुत्रको बीचमा भएको प्रेम हो भनेर सिकाउँदछन्। अर्थात पवित्र आत्मा भनेकै केवल पिता र पुत्रको बीचमा भएको स्नेह हो। यदि यो धारणालाई हामीले मान्यौं भने त्रिएक परमेश्वरको बीचमा हुने उहाँको भूमिका तल झार्छौं र उहाँ त्रिएक परमेश्वरको एक सदस्य हुनुहुन्छ भन्ने विश्वासलाई त्याग्न पुग्छौं।

तर बाइबलले पवित्र आत्मा कुनै हावा नभएर व्यक्तित्व हुनुहुन्छ भनेर सिकाउँदछ। येशूलाई विश्वास गर्दा लिइने बप्तिस्मामा उहाँको नाउँ पिता र पुत्रसँग लिइएको हुन्छ (मत्ती २८:१९)। पवित्र आत्माले ख्रीष्टको यश वा महिमा गर्नुहुन्छ (यूहन्ना १६:१४)। मानिस पापी हो वा कसैले गलत काम गरेको छ भने पवित्र आत्माले नै विवेकमा बोल्नुभएर गलत काम गरेको देखाउनुहुन्छ (यूहन्ना १६:८)। उहाँको चित्त दुखाउन वा फटाउन सक्छौं । (एफिसी ४:३०)। उहाँले हामीलाई सम्झाउनुहुन्छ र सान्त्वना वा ढाडस दिनुहुन्छ। (यूहन्ना १४:१६), उहाँले हामीलाई सहायता गर्नुहुन्छ, उहाँले हामीलाई सरसल्लाह दिनुहुन्छ। उहाँले हामीलाई सिकाउनुहुन्छ (लूका १२:१२) , हाम्रो निम्ति परमेश्वरसँग पहल वा बिन्ति गर्नुहुन्छ (रोमी ८:२६) र उहाँले नै हामीलाई पवित्र वा शुद्ध पार्नुहुन्छ (१ पत्रुस १:२)। मानिसहरूलाई सबै सत्यमा अगुवाइ गर्ने व्यक्तित्व पवित्र आत्मा नै हुनुहुन्छ भनेर येशूले यूहन्ना १६,१३मा भन्नुभएको थियो।

छोटकरीमा भन्ने हो भने पवित्र आत्मा परमेश्वर हुनुहुन्छ जसरी पिता र पुत्र हुनुहुन्छ। ती तिनै जना भएर एक परमेश्वर हुन पुग्नुभएको छ।

पवित्र आत्माले जे गर्नुहुन्छ उहाँले परमेश्वरको प्रेमलाई प्रकट गर्नुहुन्छ। उहाँले अरू के पनि गर्नुहुन्छ? हेर्नुहोस् केही पदहरू: लूका १२:११-१२ "११ जब तिनीहरूले तिमीहरूलाई सभाघरहरू, शासकहरू र अधिकारीहरूका सामु ल्याउँछन्, तब तिमीहरूले कसरी र के जवाफ दिने, अथवा के भन्नुपर्ने, सो फिक्री नगर, १२ किनभने त्यसै बेला तिमीहरूले के भन्नुपर्ने हो पवित्र आत्माले तिमीहरूलाई सिकाउनुहुनेछ।" यूहन्ना १६:७-१५ "७ तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ

भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु। ८ अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ। ९ पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्, १० धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि देख्नेछैनौ। ११ र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ। १२ मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। १३ जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। १४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। १५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।" र प्रेरित १३:१-३ "१ एन्टिओखियाको मण्डलीमा अगमवक्ताहरू र शिक्षकहरू, अर्थात् बारनाबास, काला भनिने शिमियोन, कुरेनीका लुकियस, प्रान्तीय शासक हेरोदसँग हुर्केका मनेन र शाऊल थिए। २ तिनीहरूले प्रभुको आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले भन्नुभयो, मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु।" ३ तब उपवास र प्रार्थना गरेर तिनीहरूले उनीहरूमाथि आफ्ना हात राखेर उनीहरूलाई बिदा दिए।"

**पवित्र आत्मा परमेश्वर हुनहुन्छ सबभन्दा ठूलो प्रमाण नै येशू ख्रीष्टको मानव अवतार हो। येशू पवित्र आत्माबाट जन्मिनुभएको थियो (मत्ती १:२०)। परमेश्वरले मात्र त्यो खालको सृष्टि गर्न सक्नुहुन्छ।**

**येशू ख्रीष्टको मामिलामा** परमेश्वरबाहेक **अरू कुनै जीवले गर्न नसक्ने काम पवित्र आत्माले गर्न सामर्थी हुनुभएको थियो। प्रथममा, सर्वव्यापी ख्रीष्टलाई उहाँले मरियमको कोखमा ल्याउनुभएको थियो। अनि येशू मानव शरीरमा नै सबैले देख्ने गरी स्वर्गमा उक्लनुभएको थियो। दोस्रोमा मानव चोलामा रहनुभएको येशूलाई पवित्र आत्माको आश्चर्य कामद्वारा विश्वका सबै विश्वासी मानिसहरूको सामु उहाँको उपस्थिति गराउनुहुन्छ।** त्यसकारण पवित्र आत्मा, **परमेश्वर पिता र पुत्रसँग एक भएर हामीहरूको निम्ति काम गरिरहनुहुन्छ। "मानिस जातिको दयनीय अबस्था देखेर त्रिएक परमेश्वर दयाले हल्लिनु भएको थियो। मानिसहरूको निम्ति मुक्तिको योजना तयार पार्न ती त्रिएक परमेश्वरले**

आफूलाई सुम्पनुभएको थियो।"- एलेन जी ह्वाइट, काउन्सिल अन हेल्थ, पृ. २२२बाट रूपान्तरित)। पिता, पुत्र र पवित्र आत्माले हामीलाई समानरूपमा प्रेम गर्नुहुन्छ र मुक्ति पाएर परमेश्वरको अनन्त राज्यमा हामी पस्न सकौं भनेर सक्रियरूपमा काम गरिरहनुभएको छ। यस खालको महान् मुक्तिको योजनालाई हामीले कसरी अस्वीकार गर्ने?

हाम्रो अनन्त हितको निम्ति पिता, पुत्र र पवित्र आत्माले सँगसँगै मिलेर काम गरिरनुभएको छ भन्ने अवधारणाले हामीलाई कसरी सान्त्वना मिल्न सक्छ?

## ४. हामीलाई मुक्ति दिने परमेश्वरको प्रतिवद्धता

कतिपय सेभेन्थ-डे एडभेन्टिस्टहरूले आफ्नो कमजोरीका कारण आफूले मुक्ति पाउने हो कि नपाइने हो भनेर तर्क गर्दछन्। तिनीहरूमा परमेश्वरको आश्वासन र आत्मविश्वासको कमी भएको कारणले भविष्यको बारेमा जान्न चाहन्छन्। बिशेष गरेर मुक्ति पाउने कुरामा तिनीहरु विस्वस्त हुन चाहन्छन्। तिनीहरू असल हुन र परमेश्वरलाई रिझाउन धेरै परिश्रम गर्दछन् तैपनि कमजोरीका कारण आफ्नो प्रयासमा कमी भएको अनुभव गर्दछन् र मुक्ति पाइदैन होला भनेर खिन्न हुन्छन्। आफ्नो जीवनलाई तिनीहरू हेर्दछन् र जीवनको यात्रामा खास त्यस्तो आत्मिक प्रगति नभएको महसुस गर्दछन्। येशूको स्वभाव र चरित्रसँग दाँज्दा उहाँ र आफूमा ठूलो भिन्नता पाउछन। विशेष गरेर येशूको यो वचनले त झन तिनीहरूलाई घाइते नै पार्न सक्छ, "ढोका साँगुरो छ र बाटो सानो वा साँघुरो छ जसले अनन्त जीवनतिर डोऱ्याउँछ। केवल थोरै मात्र त्यहाँ पुग्न सक्छन् ।" (मत्ती ७:१४)। हामी मध्ये कोहि त्यो अनन्त जीवनको गन्तब्य स्थानमा पुग्ने हौ कि नपुग्ने हौ भनेर द्विविधामा परेका त छैनौ होला?

युगको अन्तमा तयारी भएर बस्नको निम्ति अहिले नै हामीलाई मुक्ति मिलेको आश्वासन वा आत्मबिश्वासको आवश्यकता छ। अहिले नै मुक्तिको वास्तविकतालाई तिनीहरूले प्रकट गर्नुपर्छ ताकि तिनीहरूले भविष्यमा कुनै डर नमानी सामना गर्न सकून। हामीले अघि नै भन्यौं कि सारा जीवित त्रिएक परमेश्वर हाम्रो मुक्तिको निम्ति सक्रिय हुनुभएको छ। जसले गर्दा हामीले मुक्ति पाउँछौं भन्ने आत्मविश्वास लिएर जिउन सक्नुपर्छ।

देहायका पदहरू पढ्नुहोस्। मुक्तिको निम्ति परमेश्वरले हाम्रो निम्ति के गर्नुभयो र के गर्नुहुनेछ भनेर ती पदहरूलाई हामीलाई के आशा र प्रतिज्ञा दिएको छ? हेर्नुहोस्: भजन ९१:१४-१६ "१४ परमप्रभु भन्नुहुन्छ, त्यसले मलाई प्रेम गरेको हुनाले,

म त्यसलाई छुटाउनेछु। त्यसले मेरो नाउँ ग्रहण गरेको छ, यसकारण म त्यसको रक्षा गर्नेछु। १५ त्यसले मेरो पुकार गर्नेछ, र म त्यसलाई उत्तर दिनेछु। त्यसका दुःखको घड़ीमा म त्यससँग हुनेछु, म त्यसलाई छुटकारा दिनेछु, र आदर गर्नेछु। १६ लामो आयु दिएर म त्यसलाई सन्तुष्ट तुल्याउनेछु, र त्यसलाई म उद्धारको दर्शन दिनेछु।", योयल २:३१,३२ "३१ परमप्रभुको त्यो महान् र भयङ्कर दिन आउनुभन्दा अघि सूर्य अँध्यारोमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन्। ३२ परमप्रभुको नाउँ लिने हरेकले उद्धार पाउनेछ। किनकि परमप्रभुले भन्नुभएअनुसार सियोन पर्वत र यरूशलेममा परमप्रभुले बोलाउनुभएअनुसार बाँचेकाहरूको छुटकारा हुनेछ।" , यूहन्ना १०:२७-३० "२७ मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन्। २८ तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन। २९ मेरा पिताले ती मलाई दिनुभएको छ¸ उहाँ सबैभन्दा महान् हुनुहुन्छ। पिताको हातबाट कसैले तिनीहरूलाई खोसी लानेछैनन्। ३० पिता र म एक हौं।" , रोमी १०:५-१३ "५ मोशा लेख्छन्, व्यवस्थामा आधारित भएको धार्मिकता पालन गर्ने मानिस त्यसैबाट जिउनेछ।" ६ तर विश्वासमाथि आधारित भएको धार्मिकताले यसो भन्छ, मन-मनमा यसो नभन, 'स्वर्गमा को उक्लनेरू' ढअर्थात् खीष्टलाई तल ल्याउनलाई), ७ वा आफ्नो मनमा यसो पनि नभन, 'पातालमा को ओर्लनेरू" ' ढअर्थात् मरेकाहरूबाट खीष्टलाई माथि ल्याउनलाई)। ८ तर यसले के भन्छरू वचन तिम्रो नजिकै छ, तिम्रो मुखैमा र तिम्रो हृदयमा," अर्थात् विश्वासको वचन, जो हामी प्रचार गर्दछौं। ९ किनकि यदि तिमीले येशूलाई प्रभु हुन् भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ। १० किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ। ११ धर्मशास्त्र भन्छ, उहाँमाथि भरोसा राख्ने कोही लाजमा पर्नेछैन।" १२ किनकि यहूदी र अन्यजातिमा केही भेद छैन। उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ, र उहाँलाई पुकार्नेहरू सबैलाई आफ्नो प्रशस्त आशिष् दिनुहुन्छ। १३ किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।" र १ यूहन्ना ५:११-१५ "११ गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। १२ जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन। १३ तिमीहरूले

अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु। १४ परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। १५ हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ।"

**हामीलाई आह्वानमात्र होइन पवित्र जीवन जीउन आदेश पनि दिइएको छ। तर यस्तो जीवन ख्रीष्टलाई विश्वास गरेर अहिलेदेखि नै मुक्तिको आभास् पाउन सक्छौ। तर हाम्रो आफ्नै बल, प्रयासले पवित्र वा सिद्ध जीवन बिताएर मुक्ति पाइन्छ भन्ने चाहिँ होइन। मृत्युकै मुखमा परेतापनि हामी उहाँप्रति बफादारी र निष्ठावान त हुनुपर्छ नै तर परमेश्वरमा बफादारी र निष्ठावान हुने बरदान केवल हामीमा भएको मुक्तिको आशामा मात्र हामी भरपरिरहनुपर्छ। परमेश्वरका जनहरू अन्तिम दिनहरूमा निष्ठावान, आस्थावान, विश्वासिलो र आज्ञाकारी भएको भेट्टाइनेछन्। ती गुणहरू हामीमा तब हुन्छ जब ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो सो कुरामा हामी आत्मविश्वासकासाथ चल्दछौं।**

## ५. अनन्तको सुसमाचार

प्रकाश १४:६,७ अनुसार "अनन्तको सुसमाचार" के हो? हेर्नुहोस्: "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"

**सुसमाचारलाई अनन्तको भनेर सम्बोधन गरिएको छ। परमेश्वर बदलिनुहुन्न भन्ने यो अर्को प्रमाण हो। परमेश्वरको सुसमाचार अपरिबर्तानीय हुन्छ। जसले यसलाई हृदयदेखि ग्रहण गर्छ सबैको निम्ति यो अनन्तको सुसमाचार दिइएको छ भनेर आश्वासन दिइएको छ। यस सुसमाचारले परमेश्वरको परिवर्तन नहुने प्रेमको बारेमा प्रकट गर्दछ र यो सन्देश सारा संसारमा जानु आवश्यक छ। सबैलाई सुसमाचार सुन्ने सूचनाको हक भएकोले तिनीहरूले सुन्ने अवसर पाउनुपर्छ। त्यसैकारणले परमेश्वरले उहाँका जनहरूलाई यो सन्देश फैलाउन आह्वान गर्नुभएको छ।**

एफिसी १:४-६मा भनिएको छ "४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। ५ उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, ६ यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।" ती पदहरूले वास्तविकरूपमा सुसमाचार झन कतिको अनन्त रहेछ भन्ने कुरालाई कसरी बताउँछ?

**संसारको उत्पत्ति वा संसारको जग बसाल्नुभन्दा अघिदेखिनै येशूमा हामीलाई चुन्नुभएको छ । "अनन्तको सुसमाचारको" बारेमा चर्चा गर्दा अब हामीले के भन्ने? संसारको सृष्टि भन्दा अघि अझ भन्ने हो भने संसारमा पाप आउनुभन्दा अघि नै परमेश्वरमा हामीले मुक्ति पाऔं भन्ने उहाँको योजना थियो। केही शब्दहरू हेर्नुहोस्ः "चुनिएको", "सन्तान हुन अघिबाटै नियुक्त भएको", "उहाँको प्रेममा" "आफ्ना सन्तान हुन"। परमेश्वरमा हामीले अनन्त जीवन पाऔ भन्ने परमेश्वरको महान् इच्छा कतिको रहेछ भनेर माथिका पदहरूले कसरी औंल्याउँछन् त्यो कतिको मार्मिक छ सो हामीले बुझ्नुपर्छ। यो पनि उहाँले बिगतको अनन्त समयमा निर्धारण गर्नुभएको थियो भनेर औंल्याएको छ। यसले उहाँको अनुग्रहलाई स्पष्ट रूपमा देखाउँदछ। मानिसले गर्ने कुनै धार्मिक काम वा असल कामले होइन तर परमेश्वरकै प्रेमिलो चरित्रले हाम्रो निम्ति मुक्तिको प्रावधान स्थापना भएको थियो (यसै सन्दर्भमाः २ थेस्सोलिनिकी २:१३ "१३ प्रभुले प्रेम गर्नुभएका भाइहरू, तिमीहरूका निम्ति हामी परमेश्वरमा सधैं धन्यवाद चढ़ाउन बाध्य छौं, किनकि शुरुदेखि नै पवित्र आत्माको पवित्र तुल्याउने कामद्वारा र सत्यतामाथिको विश्वासद्वारा बाँच्नलाई परमेश्वरले तिमीहरूलाई चुन्नुभयो।" र २ तिमोथी १:९ "९ उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो। हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो)। हामी अस्तित्वमा आउनुभन्दा अघि नै उहाँमा हामीले मुक्ति पाऔं भनेर उहाँले चुन्नुभएको थियो भने त्यस मुक्तिको निम्ति हामीले के काम गर्न सक्छौं र? तर त्यसलाई ग्रहण गर्ने वा नगर्ने आत्मनिर्णयको अधिकार हामीलाई नै सुम्पिएको छ।**

उहाँबाट चुनिएकाहरूले जीवनमा मुक्ति पाइएका छन् भनेर तिनीहरूले कसरी देखाउने? "उहाँको प्रेममा रहेर पवित्र र निर्दोष जीवन बिताउन" (एफिसी १:४) पनि हामीलाई अघिबाटै नियुक्त गर्नुभएको छ।

येशू ख्रीष्ट आउनुभन्दा अघि युगको अन्तमा दिइने सन्देशको सुसमाचार फैलाउन हामीलाई जिम्मा दिइएको छ। तर हाम्रै जीवनमा त्यो अनन्तको सुसमाचारको वास्तविकतालाई अनुभव गर्न किन जरुरी छ जसले गर्दा अरूलाई पनि हामीले सुनाउन सकौं?

**उपसंहारः**

थप जानकारीः **मुक्तिको निम्ति गरिएको प्रतिज्ञा हाम्रो हुनसक्छ तर येशूलाई विश्वास गरे पुगिहाल्छ नि अरू केही गर्नुपर्दैन भनेर गलत आश्वासनमा पर्नुहुँदैन। आफ्नो आत्मिक परिवर्तन वा जीवन परिवर्तनको अनुभव नगरि येशूलाई विश्वास गरे स्वत मुक्ति पाइन्छ भन्ने धारणा मुक्तिको गलत आश्वासन भनेर मान्नु जरुरी छ। येशूले भन्नुभयो, "मलाई प्रभु प्रभु भन्ने सबै स्वर्गको राज्यमा पस्न सक्दैन तर जसले मेरा पिताको इच्छा पालन गरेर चल्छ त्यसले मात्र मुक्ति पाउछ। त्यसबेला धेरैले भन्नेछन्, 'के हामीले तपाईंको नाउँमा प्रचार गरेनौं वा भविष्यवाणी बोलेनौं र, के तपाईंको नाउँमा दुष्ट आत्माहरूलाई धपाएनौं र के तपाईंको नाउँमा अचम्म अचम्मका कामहरू गरेर देखाएनौं र?' तर म तिनीहरूको मुखैमा भन्नेछु, 'खै तिमीहरूलाई मैले कहिल्यै चिनेको छैनः हे अधर्मीहरू मबाट टाढा होऊ!'" (मत्ती ७:२१-२३ रूपान्तरित)। ती मानिसहरूले दुईवटा दुर्भाग्यपूर्ण गल्ती गरेका थिए। प्रथमतः ती मानिहरूले प्रभुकै नाउँमा जति महान् कामहरू गरेतापनि तिनीहरूले परमेश्वरको इच्छाको पालन गरेका थिएनन् जुन परमेश्वरको व्यवस्थालाई पालन गर्नुपर्थ्यो। येशूले यो भन्नुभएन, "तिमी पापरहित नहुनेहरू मबाट टाढा जाऊ" न त "निर्दोष" वा सिद्ध नहुनेहरूलाई।" तर उहाँले भन्नु भयो "अधर्मीहरू", अग्रेजीमा "अवैध" भनेको छ वा ग्रीक भाषामा आनोमियन (*anomian)* हो। त्यसको अर्थ गैरकानुनी वा व्यवस्था बिना हो। दोस्रोमा, तिनीहरू आफैले के गरें वा तिनीहरूको कामको उपलब्धिको बारेमा जिकिर गरेका थिएः *के हामीले तपाईंको नाउँमा यो गरेनौं र? वा त्यो गरेनौं र? वा तपाईंकै नाउँमा अचम्मका कामहरू गरेनौं र?* यो कस्तो हो? आफ्नै धर्मकर्म वा असल कामले परमेश्वरको सामु निर्दोष भएर देखाउँदा येशूबाट कति टाढा हुन सक्ने रहेछ भनेर उक्त तितो सत्यलाई हामीले के भन्ने? केवल येशूले के गर्नुभयो वा उहाँप्रतिको विश्वासमा निष्ठावान भएर बसिरहदा मात्र हामीले मुक्ति पाउँछौं। हाम्रो मुक्तिको सुनिश्चितता हाम्रै कामद्वारा**

**होइन तर येशूले हाम्रो निम्ति गर्नु भएको बलिदानमा छ। के तपाईंलाई मुक्तिको आश्वासन चाहिन्छ? तर परमेश्वरको व्यवस्थालाई शिरोपर गरेर चल्नुहोस् र येशूको धार्मिकताको काममा भरपर्नुहोस् र तपाईंलाई चाहिने आश्वासन तपाईंले पाउनुहुनेछ।**

**चिन्तनमननः**

अ. मार्टिन लुथरले यसो भनेका थिएः "जब म आफूलाई हेर्छु, तब म कसरी मुक्ति पाउँछु भन्ने कुरा मलाई थाहा हुँदैन। जब म येशूलाई हेर्छु तब म मुक्तिबाट कसरी बँचित हुनसक्छु र भन्ने कुरा मलाई थाहा हुँदैन।" ती वचनहरूमा के महान् आत्मज्ञान लुकेको छ? यो मर्मलाई हाम्रो साथमा सधैं राख्नु किन जरुरी छ?

आ. संसारको उत्पत्ति हुनुभन्दा अघि नै मुक्तिको निम्ति हामीलाई चुनिएको थियो भन्ने धारणालाई अझ सोच्नुहोस्। यसको अर्थ सबै जनाले स्वत मुक्ति पाउँछन् भन्ने किन हुन सकेन? के कसैले मुक्ति नपाउनुमा परमेश्वरले तिनीहरूको पुर्पुरोमा मुक्ति नलेखिएको कारणले हुन सक्छ र ? (नेपालको लोकप्रिय धारणा) कि तिनीहरू आफै मुक्तिको बिषयमा निर्णायक बनेर? यसलाई गहिरिएर सोच्नुहोस्।

इ. परमेश्वर पिता, पुत्र र पवित्र आत्माले प्रेम गर्नुभएतापनि यस संसारमा खराबीको अस्तित्व वास्तिविक रुपमा नै भएकोले परमेश्वर र शैतानको बीचमा भइरहेको महान् विवाद केवल कल्पना वा मनगढन्ते कुरा होइन भनेर हामीले कसरी स्वीकार्ने?

*कथा ४*

# मेक्सिकनले आफूसँग भएको सबै थोक सुम्पन्छन्

## **नर्ली मासियाज फिगुरोआ, ३२**

## **मार्शल आइलाण्ड**

विभिन्न देशमा सुसमाचारको काम गर्न गएकाहरूलाई परमेश्वरले कसरी अगुवाई गर्नुभयो भनेर लेखिएको कथाहरू मैले १७ वर्षको उमेरमा पढ्ने मौका पाएको थिए त्यही देखि मैले मेरो देशभन्दा अन्तै गएर सुसमाचार सुनाउने काम गर्छु भनेर मैले निर्णय गरें। (म मेक्सिको राज्यको चिपाज भन्ने प्रान्तबाट म आएको हुँ।)

जब म विश्वविद्यालयबाट ग्राजुयट भएँ तब म विदेशमा सुसमाचार सुनाउन जान चाहें तर मसँग पैसा थिएन। एकपटक म घर जादै थिए, घर जाँदा जाँदै मैले प्रार्थना गरें "प्रभु अरू देशमा तपाईंको बारेमा सुसमाचार सुनाउने काम गर्न चाहन्छु र तपाईंको सेवा गर्न चाहन्छु। मेरो परिवार गरिब छ र हवाईजहाजको निम्ति टिकट किन्ने पैसापनि मसँग छैन। मेरो परिवारले मलाई सहयोग गर्न सक्दैनन्। यदि तपाईंको इच्छा भए मलाई केही काम मिलाइदिनुहोस् र पैसा जम्मा गरेर अन्य देशमा गएर सुसाचार सुनाउन सकुँ।"

प्रार्थना गरेको दुई दिनपछि मेक्सिकोको राज्य टोबास्कोमा रहेको साउथइस्ट एडभेन्टिस्ट अस्पतालबाट मलाई फोन आयो। एक जना अपरिचित व्यक्तिले फोन गरेर भने, "तिम्रो लागि हामीसँग काम छ। अन्तर्वाता दिन आऊ।"

अस्पतालमा पोषणयुक्त खाना खुवाउने कार्यक्रमको प्रमुख योजनाकारकोरूपमा मलाई काम दिइयो। त्यो मेरो प्रार्थनाको जवाफ परमेश्वरले दिनुभएको थियो। "अब त्यस कामले मलाई चाहिने पैसा जुट्नेछ र म अरू देशहरुमा सुसाचारको काम गर्न जान सक्ने छु" भन्ने मैले सोचें।

एक वर्षपछि एडभेन्टिस्ट स्वयंसेवक भएर काम गर्न निबेदन दिएँ। मार्शल आइलाण्डमा रहेको इबेई सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलको हेडमास्टरले मेरो दर्खास्तलाई स्वीकारे। मैले प्रार्थना गरें, "हे प्रभु, इबेईमा जान मलाई सहयोग गर्नुहोस्।" हवाईजहाजको टिकट लिनु भन्दा तिन दिन अघि मेरो काकाको मृत्यु भयो। मेरो काकाको धेरै ऋण थियो र त्यो ऋण परिवारले तिर्न सक्दैनथे। त्यसकारण मैले कमाएको सबै पैसा मेरो परिवारलाई दिएँ।

मैले इबेई स्कूलको हेडमास्टरलाई फोन गरेर भनें कि तत्काल मसँग पैसा नभएकोले उक्त स्कूलमा आउन सकिनँ। हेडमास्टरले पनि मेरो समस्यालाई बुझिदिनु भयो।

त्यही रात मैले प्रार्थना गरें, "प्रभु अरूदेशमा गएर सुसमाचारको काम गर्ने सपना मलाई तपाईंले नै दिनुभएको थियो। म कसरी त्यहाँ जाउं ? म अहिले अस्पतालमा तपाईंको निम्ति काम गर्दैछु तर म विदेशमा गएर तपाईंको महिमाको निम्ति काम गर्न चाहन्छु।"

फेरी मैले एक वर्ष सम्म त्यही अस्पतालमा काम गरें र इबेई स्कूलमा जानको लागि चाहिने पैसा जम्मा गरें। तर दुर्भाग्यवस मेरी बहिनी दुर्घटनामा परिन् र मसँग भएको सबै पैसा फेरि उनको औषधी उपचारमा सकियो।यस पटक पनि इबेई स्कूलको हेडमास्टरलाई म आउँ नसक्ने कुरा जानकारी दिएँ।

दुई वर्षपछि मैले अब विदेशमा गएर परमेश्वरको निम्ति काम गर्न नसक्ने रहेछु भनेर मेरो सपनालाई त्यागिदिए। मेरो काम राम्रो थियो र मैले चाहे जस्तै पैसा पनि पाएको थिएँ। त्यसैले एक दिन राती सुत्ने वेलामा मेरो मनमा घर र कार किन्ने योजना आइरहेको थियो, मैले इबेई स्कूललाई सम्झें।

त्यस टापुको बारेमा एक हप्तासम्म सोचें। मैले विदेशमा गएर सुसमाचारको निम्ति काम गर्ने प्रतिज्ञा परमेश्वरलाई दिएको कुराको पनि याद आयो। तब मैले परमेश्वरसँग विवाद गरें, "म त एडभेन्टिस्ट अस्पतालमै काम गरिरहेको छु। यहाँ पनि तपाईंकै निम्ति काम गरिरहेको छु। यहाँको काम छोडेर विदेशमा म किन जानु र?"

जब म परमेश्वरसँग जवाफको निम्ति पर्खिरहेको थिएँ तब केवल, "इबेई, इबेई, इबेई" भन्ने आवाज मात्र मेरो मनमा घन्किरह्यो।

"ल त हुन्छ, म इबेई स्कूलमा गएको तपाईं चाहनुहुन्छ भने अमेरिका जान मलाई भिसा मिलाइ दिनुहोस्" भनेर प्रार्थना गरें। मेक्सिकोबाट इबेई टापुमा जान अमेरिकाको क्यालिफोर्नियाको लस एन्जल्स र हवाईको हनलुलु भएर जानु पर्थ्यो त्यो बाटो अलि सस्तो थियो र अर्को बाटो अत्यन्त महँगो थियो। त्यसकारण मलाई अमेरिकाको भिसाको आवश्यकता थियो। तर मेक्सिकोमा अमेरिका जानका लागि भिसा पाउन सजिलो थिएन। मैले इबेई स्कूलको हेडमास्टरसँग उक्त स्कूलमा काम गर्न जाने पत्र मागें, ताकि त्यो पत्र लिएर अमेरिकन राजदुतावासमा गएर भिसाको निम्ति दर्खास्त दिन सकुँ।

राजदुतावासमा अन्तर्वाता दिन जानुभन्दा केही समय अगाडि मैले प्रार्थना गरें, "प्रभु, भो अब म बिदेशमा जान चाहन्न। मलाई यहीँ रमाइलो भइरहेछ। पहिला त म विदेशमा जान चाहन्थैं तर अब म जान चाहन्न। त्यसकारण मलाई भिसा नदिलाइदिनुहोस्।"

अमेरिकी राजदुतावासको भिसा दिने कर्मचारीले मलाई सोधे, "तिमीलाई किन भिसा चाहिएको हो?" "मार्शल आइलाण्डमा रहेको इबेई स्कूलमा पढाउन चाहन्छु। त्यसकारण, त्यहाँ जान अमेरिका हुँदै जानुपर्ने भएकोले मलाई अमेरिकन भिसाको आवश्यक परेको हो" मैले जवाफ दिएँ। ती कर्मचारीले कम्प्युटरमा हेरे र हेडमास्टरको पत्र पनि मागेनन् न त मेरो बैंक बालेन्स नै मागे। उनले केवल  कम्प्युटरमा मात्र हेरे र भने "एक महिनापछि तिमीले भिसा पाउनेछौ।"

त्यो कुरा सुनेपछि मैले विदेशमा जान परमेश्वरले ढोका खोल्नुभएको महसुस गरें र उहाँलाई गरेको वाचा मैले पालन गर्नुपर्छ भनेर पनि सिकें। त्यसकारण त्यस इबेई स्कूलमा जान मैले सबै थोक त्यागें। मैले काम पनि छोडें र मेक्सिकोमा रहेका मेरा परिवारसँग विदावारी भएर पासिफिक समुद्रको बीचमा रहेको सानो इबेई टापुमा काम गर्न गएँ।

इबेईमा एक वर्ष काम गरिसकेपछि मलाई मेरो देश छोडेकोमा कुनै पश्चाताप लागि रहेको थिएन। जब म पाँच कक्षामा पढाउन थालें त्यस कक्षामा केवल एक जनामात्र एडेभेन्टिस्ट परिवारको विद्यार्थी थियो। हवाईमा भएको साथीको सहायताले क्रिस्टमसको दिनमा मैले सबै विद्यार्थीहरूलाई बाइबल बाँडे। अनि त्यही वर्ष मेरो कक्षाको पाँच जना विद्यार्थीले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा पनि लिए।

कतिले त मलाई सोध्छन् पनि "त्यस्तो राम्रो काम अनि मेक्सिको सहर किन छोड्यौ? खै त  तिमीलाई के नै उपलब्धि भयो र?" तर मैले जवाफ दिन्थैं "मसँग सबै थोक छ। म यहाँ खुशी छु। मलाई थाहा छ म यस ठाउँमा हुनु परमेश्वरको इच्छा हो।"

मलाई के अचम्म लागिरहेछ भने इबेई स्कूलमा आउनको लागि चारवर्षसम्म कोशिश गरें तब सन् २०१६मा मात्र म आउन सकें।यो सबै परमेश्वरकै योजना हो भनेर मैले ठम्याएको छु। अब मेरो पछिको योजना के हो सो मलाई थाहा छैन। तर मलाई थाहा छ उहाँको आफ्नै सिद्ध समयमा उहाँको योजना मलाई देखाइदिनुहुनेछ।

*यो कथा नर्ली मासियास फिगुरोवाले आन्ड्रु माकचेसनीसँगको कुराकानीमा आधारित भएर लेखिएको हो।*

*परमेश्वरकै इच्छाबाट नेर्ली इबेई सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा आएकी हुन् भन्ने कुरामा शङ्का छैन भनेर उक्त स्कूलको हेडमास्टर रायन जी. भिलाक्रुयलले भन्दछन्। उनको क्लासको २५प्रतिशत विद्यार्थीले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएको* सन्दर्भमा अरू कक्षाभन्दा उनको कक्षाका विद्यार्थीहरूले अघिल्लो वर्षमा धेरै बप्तिस्मा लिएका थिए। यस त्रैमासिक भेटीको केही भाग उनको कक्षालाई मर्मत गर्न सहयोग मिल्नेछ। त्यस भेटीको निम्ति तपाईं पाठकवृन्धहरूलाई हार्दिक धन्यवाद।

**मार्शल आइलाण्डको बारेमा अरू थप जानकारीः**

अ) आइलाण्डको भाषा मार्शलीज हो। त्यहाँको एउटा महत्त्वपूर्ण शब्द हो "योक्वी"। अमेरिकाको हवाईप्रान्तमा प्रयोग गरिने "अलोहा" जस्तै हो। त्यसको अर्थ "हेलो" "गुडबाई" र "माया" हो।

आ) मार्शल आइलाण्डमा तिन वटा एडभेन्टिस्ट स्कूलहरू छन्। माहुरो टापुमा एक एडभेन्टिस्ट प्राथमिक स्कूल र अर्को १२ कक्षासम्म पढ्ने स्कुल छ भने ठूलो इबेई टापुमा १२ कक्षासम्मको स्कूल छ।

इ) मार्शल आइलाण्डको माहुरो टापुमा रहेको लौरा जातिमा सबभन्दा पहिला सेभेन्थ-डे एडभेन्टिस्ट स्कूल सन् १९६८ मा स्थापना भएको थियो।